नेपाल सरकार

कृषि, वन तथा वातावरण मन्त्रालय

# वन तथा भू-संरक्षण विभाग

४-२२७५७४
४-२२०३०३
४-२२१२३५
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

प्राप्त पत्र संख्या र मिति:

पत्र संख्या : ०८३/०८४

च.नं. ८०

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला)

बबरमहल
काठमाण्डौ, नेपाल

मितिः २०८३/०४/०५

नेपाल संवत्: ११४६ दिल्लाथ्व अष्टमी

विषय : सामुदायिक वन दिवस २०८३ सम्बन्धमा ।

श्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश,

श्री वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेश,

श्री कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश,

श्री वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश,

श्री वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश,

श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश,

श्री उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश,

श्री वन निर्देशनालय, कोशी प्रदेश, बागमती प्रदेश, मधेश प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश,

श्री डिभिजन वन कार्यालय (८४ वटै) ।

प्रस्तुत विषयमा, नेपालको वन क्षेत्रको संरक्षण, संवर्द्धन र दिगो व्यवस्थापनमा स्थानीय समुदाय तथा सामुदायिक वन उपभोक्ता समूहहरूले निर्वाह गर्दै आएको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। समुदायको सक्रिय सहभागिता, स्वामित्वबोध र निरन्तर प्रतिबद्धताका कारण सामुदायिक वन कार्यक्रम वन संरक्षण, जैविक विविधता प्रवर्द्धन, स्थानीय जीविकोपार्जन सुधार, सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकूलन तथा हरित अर्थतन्त्र विकासको सफल र अनुकरणीय अभ्यासका रूपमा स्थापित भएको छ। यस उपलब्धिमा योगदान पुऱ्याउने सम्पूर्ण सामुदायिक वन उपभोक्ता समूह, स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता महासंघ, वनकर्मी तथा सम्बन्धित सरोकारवाला निकायहरूप्रति यस विभाग हार्दिक सम्मान एवं कृतज्ञता व्यक्त गर्दछ।

यस वर्षको सामुदायिक वन दिवस, २०८३ "अबको सामुदायिक वनः युवा सहभागिता, हरित अर्थतन्त्र र दिगो व्यवस्थापन" भन्ने नाराका साथ भव्य रुपमा मनाउने निर्णय भएको व्यहोरा अवगत गराउँदै उक्त नाराको मर्मअनुरूप सामुदायिक वन व्यवस्थापनमा युवाको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने, वनमा आधारित उद्यम तथा हरित रोजगारीका

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
४-२२७५७४
४-२२०३०३
४-२२१२३५
४-२१६३७५
४-२२१७४४
फ्याक्स : ४-२२७३७४
बबरमहल
काठमाण्डौं, नेपाल

प्राप्त पत्र संख्या र मिति:

पत्र संख्या : २०८३/०८४

च.नं.: ९०

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला)

अवसरहरू विस्तार गर्ने र वन स्रोतको दिगो एवं जिम्मेवार व्यवस्थापनलाई थप सुदृढ बनाउने विषयलाई विशेष महत्त्व दिनुपर्ने देखिन्छ।

यस सन्दर्भमा, मिति २०८३ साल श्रावण २५ गते मनाइने सामुदायिक वन दिवसका अवसरमा प्रदेश मन्त्रालय, वन निर्देशनालय, डिभिजन तथा सब-डिभिजन वन कार्यालय, स्थानीय तह, सामुदायिक वन उपभोक्ता महासंघ, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सम्बन्धित सरोकारवालाहरूको आपसी समन्वय र सहभागितामा स्थानीय आवश्यकता, सन्दर्भ तथा उपलब्ध स्रोतसाधनअनुसार विविध रचनात्मक, जनचेतनामूलक र प्रवर्द्धनात्मक कार्यक्रमहरू आयोजना गरी दिवस मनाउनुहुन अनुरोध छ। यस अवसरमा सामुदायिक वनका उपलब्धि तथा असल अभ्यासको आदानप्रदान, युवा तथा महिलाको सहभागिता प्रवर्द्धन, वनमा आधारित उद्यम र हरित रोजगारीसम्बन्धी अन्तरक्रिया, वृक्षरोपण तथा वन संवर्द्धन, जनचेतनामूलक कार्यक्रम र उत्कृष्ट योगदानको कदर एवं सम्मानजस्ता गतिविधिहरू सञ्चालन गर्नुहुन अनुरोध छ।

सामुदायिक वनको संरक्षण, व्यवस्थापन र विकासमा यहाँहरूबाट निरन्तर रूपमा प्राप्त हुँदै आएको सहयोग, सहकार्य र योगदानका लागि पुनः हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत यस महत्त्वपूर्ण अभियानमा निरन्तर सहकार्य रहने अपेक्षा गरिएको छ।

२०८३/४/८

धिरेन्द्र कुमार प्रधान
महानिर्देशक

बोधार्थ:

कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार काठमाण्डौ ।